नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

इनरुवा, सुनसरी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

## सेवा प्रवाहसम्बन्धी अत्यन्त जरुरी सूचना

यस कार्यालयबाट सेवाग्राहीको सहजीकरणका लागि नागरिक सहायता कक्ष सञ्चालनमा ल्याई सबै प्रकारका निवेदन, हुलाक रसिद, बिभिन्न सिफारिसलगायत राजश्व बाहेकका अन्य सबै प्रकारका सेवाहरु कार्यालयबाटै निःशूल्क उपलब्ध हुँदै आइरहेको विदितै छ ।स्थानीय तह वा अन्य निकायबाट सिफारिस भई आएको काममा निवेदनसमेत लेख्न नपर्ने व्यवस्था रहेकोमा कार्यालय परिसर बाहिर सेवाग्राहीलाई जबरजस्ती तानी सेवा दिने नाममा बढी रकम असुली गरी दुःख/हैरानी दिएको भन्ने गुनासो सेवाग्राहीवाट प्राप्त भएकोले यस कार्यालयबाट प्रदान गरिने सेवाहरु प्राप्त गर्न कार्यालय बाहिरवाट लेखापढी तथा सशूल्क सहजीकरण गरिरहन आवश्यक नरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ । यो सूचना विपरीत यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई लेखापढी तथा सहजीकरणका नाममा यस्ता खालका गतिविधि भए/गरेको पाइएमा तथा लेखापढी व्यवसायी आफ्नो व्यक्तिगत काममा बाहेक कार्यालयभित्र प्रवेश गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरासमेत जानकारी गराइन्छ ।

२०७८।११।११

(माधव प्रसाद ढुंगाना)
सहायक प्रमुख जिल्ला अधिकारी